# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, ज्येष्ठ २७ गते २०२६ साल [अतिरिक्ताङ्क १३ (क)


### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय, राजदरबारको

### विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट २०२६ साल वैशाख १ गते नव वर्षारम्भको शुभ उपलक्ष्यमा राष्ट्रका नाममा बक्सेको सन्देशमा देश विकासका लागि अपनाइने कुनै पनि योजना समस्त नेपाली जनताको सलाहका निमित्त बन्नु पर्ने तथ्यलाई स्मरण गराइबक्संदै योजना बनाउँदा वास्तविक जन आकांक्षाको प्रतिनिधित्व होस् भन्ने उद्देश्यले विकासको गतिलाई अझै तीव्र पार्न एउटा राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सने भएको कुरा हुकुमबक्सेअनुरूप मौसुफबाट मौसुफका अध्यक्षतामा देहायबमोजिमका सदस्यहरू रहने गरी आज यो राष्ट्रिय विकास परिषद् गठन गरिबक्सेको छ ।

१. परिषद्का सदस्यहरू:–

(क) मन्त्रिपरिषद्का सदस्य, राज्य मन्त्री तथा सहायक मन्त्रीहरू– सदस्य

(ख) राजसभा स्थायी समितिका सभापति– सदस्य

(ग) भूतपूर्व प्रधान मन्त्री तथा मन्त्रिपरिषद्का अध्यक्षहरूमध्येबाट श्री ५ बाट मनोनीत गरिबक्सने ३ देखि ५ जना व्यक्तिहरू– सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) नेपालको संविधानको धारा ४१ क. को उप-धारा (१) र (२) बमोजिमका राष्ट्रिय पञ्चायतका पांच समितिका सभापतिहरू– सदस्य

(ङ) योजना आयोगका सदस्यहरू– सदस्य

(च) वर्गीय र व्यवसायिक संगठनका केन्द्रीय सभापतिहरू– सदस्य

(छ) नेपाल अधिराज्यका ७५ जिल्ला पञ्चायतहरूमध्येबाट तराई, पहाड र दुर्गम जिल्लाहरू मिलाई १।१ वर्षको पालो गरी चौधै अञ्चलको प्रतिनिधित्व हुने किसिमले १४ जिल्ला पञ्चायतका सभापतिहरू– सदस्य

(ज) उद्योग वाणिज्य संघका अध्यक्ष– सदस्य

(झ) श्री ५ बाट समय समयमा विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट मनोनीत गरिबक्सने ३ देखि ५ जना अन्य व्यक्तिहरू– सदस्य

२. परिषद्को कार्यावधिः–

श्री ५ बाट अन्यथा हुकुमबक्सेमा बाहेक परिषद्को मनोनीत सदस्यहरूको कार्यावधि साधारणतः ४ वर्षको हुनेछ ।

३. परिषद्का कार्यहरूः–

राष्ट्रिय विकास परिषद्ले देहायका कार्यहरू गर्नेछ–

(क) आवधिक एवं वार्षिक योजना अन्तर्गत अपनाउनु पर्ने मूलभूत उद्देश्य एवं नीतिहरू बारे राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने,

(ख) राष्ट्रिय योजनालाई वास्तविक जनआकांक्षा र स्थानीय आवश्यकतामा आधारित गर्न देशको विभिन्न क्षेत्रको वास्तविक परिस्थिति र आवश्यकता बारे राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने,

(ग) विकासको गतिलाई तीव्र बनाउन आवधिक योजना अन्तर्गत प्रत्येक वर्षको प्रगतिको समिक्षा र मूल्यांकन गरी त्यसको आधारमा योजनाको उद्देश्य र लक्ष्यअनुरूप विकास कार्यक्रमको सही कार्यान्वयनको लागि आवश्यक कदम उठाउन राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने,

(घ) श्री ५ बाट हुकुमबक्सेमा, राष्ट्रिय योजना आयोगले मौसुफका हजुरमा चढाउने अर्धवार्षिक प्रगति मूल्यांकन प्रतिवेदनको आधारमा विस्तृत जांच पडताल गरी योजना कार्यान्वयनमा ढिलासुस्ती, लापरवाही, भ्रष्टाचार, बदनियत वा अन्य अवाञ्छनीय कारणहरूले गर्दा लक्ष्यमुताबिक उपलब्धि हासिल गर्न नसकेकोमा तथ्य पत्ता लगाई सम्बन्धित पदाधिकारी वा व्यक्तिमाथि

62

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सजाय गर्नुपर्ने देखिएमा सो र कदर गर्न लायक काम गरेको भए यथोचित पुरस्कार समेतको लागि श्री ५ का हजूरमा सिफारिश सहितको प्रतिवेदन चढाउने। सो कार्यका निमित्त आवश्यकताअनुसार श्री ५ बाट परिषद्को एक वा एकभन्दा बढी उप समितिहरू गठन गरिबक्सनेछ ।

(ङ) परिषद्का सदस्यहरूमार्फत योजना कार्यान्वयन स्थलको निरीक्षण समेत गराई कार्यान्वयनको रेखदेख र बाधा अड्काउ फुकाउने कार्यमा राष्ट्रिय योजना आयोगलाई बढी अग्रसर एवं प्रभावकारी तुल्याउने, र

(च) श्री ५ बाट समय समयमा हुकुमबक्सेबमोजिम विकाससम्बन्धी अन्य कार्यहरू गर्ने ।

४. परिषद्का कार्यविधिहरू:–

परिषद्का कार्यविधिहरू श्री ५ बाट तोकिबक्सेबमोजिम हुनेछ ।

हुकुमबक्सेबमोजिम
मि. सु. ईश्वरीमान श्रेष्ठ
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

62

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।